# जिल्ला विकास समितिको कार्यालय, कास्की

७५. **बैङ्क हिसाव भिडान नगरेको** – कार्यालयले सञ्चालन गरेका खाताहरुको बैङ्क विवरण लिई बैङ्क हिसाव मिलान विवरण तयार गरेको छैन । वर्षको अन्तमा खाता अनुसार रु.४ करोड ६९ लाख ६३ हजार र बैङ्क विवरण अनुसार रु.३ करोड ८७ लाख ४० हजार मौज्दात देखाएकोले खातामा भन्दा बैङ्कमा रु.८२ लाख २३ हजार घटी देखिन आएको छ । यसरी बैङ्क घटी देखिएको सम्बन्धमा आवश्यक छानबिन गरी हिसाव यकिन गर्नुपर्ने देखिन्छ ।

७६. **डोजर भाडा** – जिल्ला विकास समिति कास्की, पर्वत, तनहूँ र स्याङ्जाको संयुक्त स्वामित्वमा रहेको डोजर सञ्चालन यस कार्यालयले गर्दै आएको छ । डोजर भाडामा लानेहरुको व्यक्तिगत अभिलेख राखी भाडामा दिँदा सम्झौता गर्ने गरेको छैन । प्राप्त विवरण अनुसार वर्षको अन्तसम्म डोजर भाडामा लाने ५ संस्था एवं समितिसँग १२८ घण्टाको रु.३ लाख ८४ हजार भाडा असुल हुन बाँकी रहेको छ । डोजर सञ्चालन कार्य नियमित र व्यवस्थित गर्न डोजर प्रयोग गरे बापतको स्वीकृत भाडा निर्धारित समयभित्रै असुल गर्नुपर्दछ ।